नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक १६१ | २०७७ साल माघ १२ गते सोमबार (25 Jan. 2021 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश नं २ : दोस्रो चौमासिकसम्म. ३ पृष्ठमा : अन्नपूर्ण सुगर मिलका ... ३ पृष्ठमा :चीनमा कोरोनाका नयाँ...

# टेलिकमको उपकरण चोरी गर्ने चार पक्राउ



नेपाल टेलिकमको टावरमा जडान गरिएको ब्याट्रि लगायतका उपकरण चोरी गरि बिक्रि गर्नेहरुलाई पक्राउ गरि सार्वजनिक गर्दै प्रहरी । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता राजविराज, ११ माघ ।**

नेपाल टेलिकमको टावरमा जडान गरिएको ब्याट्रि लगायतका उपकरण चोरी गरि बिक्रि गर्ने चार जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले आइतबार पत्रकार सम्मेलनको आयोजना गरि पक्राउ परेका चारै जनालाई सार्वजनिक गरेको छ ।

चोरी घटनामा संलग्न मुख्य अभियुक्त सिरहाको लहान नगरपालिका १३ निवासी २२ वर्षिय राकेश यादव, चोरीमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको मिनि ट्रकका मालिक लहान नगरपालिका ३ निवासी ३५ वर्षिय सूर्यनारायण महतोजनस्, सोही वडा निवासी ३५ वर्षिय पवन जैसवाल र चोरीका उपकरण खरीद गर्ने सिरहाका गोलबजार नगरपालिका ४ बस्ने ४१ वर्षिय दिपक अग्रवाल पक्राउ परेका छन् ।

पुस २३ गते सप्तरीको सुरुङ्गा नगरपालिका २ हर्दियास्थित शिवनारायण चौधरीको घरमा नेपाल टेलिकमले जडान गरेको जिसिएम मोबाइलको बिटिएस टावरको लाखौं मुल्य पर्ने एएच ब्याट्रि २४ थान, पावर केबुल ३५ एमएमको २० मिटर, अर्थिङ केबुल २५ मिटर लगायतका उपकरण र विद्युतीय सामाग्रि चोरी भएको थियो ।

कवाडी व्यवसायी रहेका अग्रवालको गोदामबाट चोरी गरिएका २४ मध्ये ७ वटा ब्याट्रि र केही उपकरण बरामद भएको

*बाँकी दुई पृष्ठमा*

# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता राजविराज, ११ माघ ।**

प्रहरीले लागु औषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तकोशी नगरपालिका ८ निवासी २३ वर्षिय देवनारायण खंग र सोही नगरपालिका ४ बस्ने ३० वर्षिय सन्तोष खडका रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ हनुमाननगरबाट तिलाठी भन्सार सडक खण्डमा प्रहरी टोलीले चेकजाच गर्ने क्रममा खंगका साथबाट डाइलेक्स २ बोतल, लिजेसिस इन्जेक्सन १५ एम्पुल, डाइजेपाम इन्जेक्सन २० एम्पुल, प्रोमेथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन २५ एमजीको २१ एम्पुल र स्पास्मो प्रोक्सभोम प्लस २४ क्याप्सुल लगायतका लागु औषध बरामद भएको हो ।

लागु औषध बरामद भएपछि प्रहरीले सोधपुछ गर्दा खंगले सोही नगरपालिका ४ निवासी सन्तोष खड्काले भारतको कुनौली भन्सारबाट ल्याउन लगाएको जानकारी दिएपछि प्रहरीले सोही क्षेत्रमा खोजतलास गर्दा खडका समेतलाई पक्राउ गरेको जनाएको छ ।

साथै प्रहरीले भन्सार सडक खण्डमा रहेको स.९प. १८२८ नं.को मोटरसाईकल समेतलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

# माघ १३ गते सत्तापक्षिय नेकपाको शक्ति प्रदर्शन




**दैनिक समाचारदाता राजविराज, ११ माघ ।**

नेकपा सत्ता पक्षले माघ १३ गते राजविराजमा शक्ति प्रदर्शन गर्ने भएको छ । नेकपा (ओली समूह) प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले आइतबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि माघ १३ गते जनसभाको आयोजना गर्ने जानकारी दिएका छन् ।

पत्रकार सम्मेलनमा जनसभामा उपप्रधानमन्त्री इश्वर पोखरेलका साथै सहरी विकास

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### दलहरु गम्भिर हुनु आवश्यक

मुलुक अहिले अत्यन्त जटिल मोडमा गुज्रिरहेको छ । प्रतिनिधिसभा विघटन भएपछि मुलुकमा राजनीतिक अस्थिरता छाएको छ । दिनहुँ बिरोध तथा शक्ति प्रदर्शनका कारण जनता पनि अन्यौलमा परेका छन् । संसद विघटनको बिरोधमा नेकपा सत्तापक्ष बाहेक नेकपाको दाहाल नेपाल समूह तथा अन्य दलहरु प्रदर्शन गरिरहेका छन् ।

बिरोध प्रदर्शनका बहानामा नेकपाको दुबै समूहले एक अर्कालाई देखाउन भएपनि शक्ति प्रदर्शनमा उत्रिएको छ । दुबै समूहले जनतालाई आफ्नो पक्षमा पार्न कुनै न कुनै सभाको आयोजना गर्दैछ भने काँग्रेस तथा जसपाले विघटनको बिरोधमा सभाको आयोजना गर्दैआइरहेको छ । यसरी सबै दलले कुनै न कुनै बहानामा जनतालाई आ-आफ्नो पक्षमा तान्न गरिरहेको सभाले जनता जनताबी भाडभैलो गरेको जस्तो देखिन्छ । एकातिर विघटन सम्बन्धी मुद्दा अहिले अदालतमा चलिरहेको छ । अदालतले कस्तो आदेश दिने भन्ने विषयप्रति जनता पर्खाईमा बसेका छन् ।

यसरी मुलुक अहिले पूर्ण रुपले राजनैतिक दाउपेचमा फसेको कुरामा दुइमत नहोला । तसर्थ देशलाई अन्यौलताको बाटोमा जानबाट रोक्नु सबै दलको नैतिक जिम्मेवारी हो । मुलुकको समस्या समाधानका लागि सबै दलबीच समन्वय र सहकार्य आवश्यक रहेको छ भने अर्कोतिर अदालतको आदेश पनि महत्वपूर्ण रहेकोमा हतारमा कसैले कुनै कदम नचाल्नु नै देशको हितमा हुनेछ ।

# प्रदेश नं २ : दोस्रो चौमासिकसम्म चालू आवको खर्च पाँच प्रतिशत

धनुषा, ११ माघ (रासस) ।

प्रदेश २ सरकारको चालू आर्थिक वर्षको खर्च न्यून रहेको छ । दोस्रो चौमासिक बित्न लाग्दा अहिलेसम्म पाँच प्रतिशत मात्र खर्च भएको बताइएको छ । प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव काशीराज दाहालले कार्यविधि मापदण्डलगायत प्रक्रियाहरु बनाउने अवस्थामा रहेको कारणले खर्च हुन नसकेको बताउनुभयो ।

सचिव दाहालका अनुसार बजेट वक्तव्य आएपछि सम्बन्धित मन्त्रालयमा सोफैं अख्तियारीमा जाने व्यवस्था गरिए पनि मन्त्रालयबाट समयमा बजेट बाँडफाँट गरेर नपठाउँदा रकम खर्च हुन सकेको हो । प्रदेश २ मा हालसम्म चालूतर्फ ६ र पूँजीगततर्फ पाँच प्रतिशत मात्रै खर्च भएको छ । प्रदेश २ सरकारले चालू आवमा रु ३३ अर्ब ५६ करोड नौ लाख ९९ हजार विनियोजन गरेको थियो । सो रकममा चालूतर्फ रु १५ अर्ब ४२ करोड २७ लाख र पूँजीगततर्फ रु १७ अर्ब ९७ करोड ८२ लाख विनियोजन गरिएको हो । आर्थिक वर्षको अन्त्यतिर मात्रै खर्च गर्ने प्रवृत्तिका कारणले दोसो चौमासिकमा समेत खर्चको खासै प्रगति हुन सकेको बुद्धिजीवीहरुले बताएका छन् ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्यसमेत रहेका जनकपुरधाममा स्थानीय शैलेन्द्र झाले आर्थिक वर्षको अन्त्यतिर बजेट खर्च गर्ने परिपाटीले समस्या देखिएको बताउनुभयो । गत वर्ष पनि समयमा बजेट परिचालन गर्न नसक्दा रु छ अर्ब फ्रिज भएको थियो । सबैभन्दा बढी प्रदेश २ को भौतिक पूर्वाधार मन्त्रालयमा बजेट विनियोजन गरिए पनि हालसम्म सात प्रतिशत मात्र खर्च भएको मन्त्रालयले जनाएको छ । यस मन्त्रालयअन्तर्गत रु आठ अर्ब ४३ करोड विनियोजन गरिएको छ ।

प्रदेशसभाले पूँजीगततर्फ रु एक पनि खर्च गर्न सकेको छैन भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अहिलेसम्म तीन प्रतिशत बजेटमात्र खर्च गरेको छ । प्रदेश २ को उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले विकासको कार्य गर्नुको साटो गत आर्थिक वर्ष गाडी खरीद र भत्तामा नै अधिकांश बजेट खर्च गरेको देखिएको छ । कोरोना संक्रमणको कारणले अधिकांश बजेट खर्च गर्न नसकेको सो मन्त्रालयले गत वर्षमा रु दुई करोड तीन लाख ५९ हजार बराबरको गाडी खरीद गरेको जनाएको छ ।

मन्त्रालयले गत वर्ष मन्त्रालयको साझा प्रयोगका लागि रु ३६ लाख ९० हजारको स्कोडा कार, मन्त्री रामनरेश यादवका लागि रु ५३ लाख ७५ हजारको महिन्द्रा स्कारपियो तथा रु ३७ लाख ९८ हजार पर्ने टाटा स्कोन गाडी दुई थान खरीद गरेको छ । प्रदेश वन निर्देशनालयका लागि खरीद गरिए पनि डिभिजन वन कार्यालय महोत्तरीले प्रयोग गरिरहेको छ भने एउटा गाडी उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रयोग गरिरहेको छ । त्यसैगरी प्रदेश २ सरकारले जथाभावी रुपमा रकमको दुरुपयोग गर्दै आइरहेको टिप्पणी हुँदै आएको छ ।

प्रदेश सरकारले जथाभावी भत्ताको नाममा रकमको दुरुपयोग हुँदै आएको एक तथ्याङ्कले देखाएको छ । उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार प्रदेशका मन्त्रीहरुले अनुगमनका नाममा लाखौँ रुपैयाँ भत्ता लिएर दुरुपयोग गरेको देखिन्छ । उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले गत आर्थिक वर्षमा मात्रै भत्ताको नाममा रु १४ लाखभन्दा बढी रकम खर्च गरेको देखाएको छ । नागरिक समाजका अगुवाहका अनुसार प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रलगायतलाई प्राथमिकता दिनुपर्नेमा मन्दिर, मदरसा र पोखरीको सौन्दर्यजस्ता नाममा रकम खर्च गरिरहेको छ ।

### *टेलिकमको ...*

तथा प्रहरीले चोरीको सामान ओसार पोसारमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको ट्रक पनि नियन्त्रणमा लिएको पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् । उनले घटनाका दिन सो सडकखण्डमा ओहोरदोहर गरेको गाडीहरु बारे सिसि क्यामरामार्फत सोधखोज गर्दा पत्ता लागेको बताए ।

यता चोरी भएका अन्य १७ वटा ब्याट्रि तथा केही उपकरण ती समूहले भारत पुऱ्याई बिक्रि गरेको खुलेको र भारतीय प्रहरी अधिकारीसँग समन्वय गरि खोजिकार्य भइरहेको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

टेलिकमका कर्मचारी हुँ, उपकरण चेकजाँच गर्न लैजानु पर्छ भन्दै मुख्य अभियुक्त भनिएका राकेश यादवले ट्रकमा लोड गर्न लगाएको र अन्य दुई जनाले सघाएको अनुसन्धानको क्रममा खुलेको डिएसपी साहले बताए ।

## राजविराज नगरपालिका वडा नं. ४ बाट जारि भएको ३५ दिने हकदाबी सम्बन्धी सूचना

मिति : २०७७/१०/११

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका ३ हाल वडा नं. ४ बस्ने श्रीमती मन्जुदेवी रायले मेरो पति दिपककुमार राय आफ्नो कालगतिले मिति २०७५/३/१५ गते मृत्यु भएकोले निजको शेषपछि हक, आपुताली खाने म निवेदिका एक मात्र पत्नि भएकोले मृतक पति दिपककुमार रायको नाममा दर्ता रहेको राजविराज नगरपालिका वडा नं. ३ हाल वडा नं. ४ को प्लट नं. ३२/१ र ३२/२ को जग्गा क्षेत्रफल ०-०-३ र ०-०-५ समेत गरि ०-०-८ नामसारी गर्नु पर्ने भएकोले सो सम्बन्धमा कसैको हकदाबी रहे ३५ दिने यो सूचना प्रकाशित गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

**ओमप्रकाश साह**
**वडा सचिव**
**राजविराज नगरपालिका वडा कार्यालय ४**


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**
**Dr. Dinesh Upreti**
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
**कन्सलटेन्ट फिजिसियन**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**
**Dr. Parasmani Shah**
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
**दुखाई विशेषज्ञ**
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**<u>यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ</u>**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**<u>महत्वपूर्ण सवाल :</u>**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# अन्नपूर्ण सुगर मिलका सञ्चालक सम्पर्कविहीन

सर्लाही, ११ माघ (रासस)।

धनकौल गाउँपालिकामा रहेको अन्नपूर्ण सुगर मिलका सञ्चालक राकेश अग्रवाल सम्पर्कविहीन हुनुभएको छ। अग्रवाल केही दिनयता आफूहरुको सम्पर्कमा नरहेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिनुभयो।

"केही दिनयता अन्नपूर्णका मिलका सञ्चालक हाम्रो सम्पर्कमा हुनुहुन्न", प्रजिअ पौडेलले भन्नुभयो,"उखु उत्पादक किसानको बक्यौता दिनका लागि हामीले रोक्का गरेको खातामा रकम भए पनि अग्रवाल सम्पर्कमा नरहेका कारण भुक्तानी हुनसकेको छैन।"

उद्योगले दिएको जानकारी अनुसार उखु उत्पादक किसानको करिव रु १७ करोड पुरानो बक्यौता मिलले तिर्न बाँकी रहेको थियो। "उद्योगले किसानको भुक्तानी दिन करीब रु १७ करोड बाँकी रहेको बताएको थियो", प्रजिअ पौडेलले भन्नुभयो।

यसैबीचमा रु ११ करोड १६ लाख उद्योगले किसानलाई भुक्तानीसमेत गरिसकेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोष सिंह राठौरले जानकारी दिनुभयो। उद्योगपतिको बैंक खाता रोक्का गरी उद्योगपतिलाई उखु उत्पादक किसानकै खातामा रकम हाली दिन प्रशासन र प्रहरीले संयुक्त रुपमा पहल गरेको थियो। अहिले पनि उद्योगपति अग्रवालको बैंक खातामा रु एक करोड ७३ लाख रहेको छ। उद्योपति सम्पर्कविहीन हुँदा किसानले पैसा पाएनौं भन्दै गुनासो गरिरहनुभएको प्रमुख राठौरले बताउनुभयो।

उद्योगपति सम्पर्कमा नआउने अनि किसान दिनहुँजसो भुक्तानी पाएनौं भन्दै प्रशासन कार्यालय घेराउ गर्न आउने गतिविधिले आफू निकै अफठ्यारोमा परेको प्रजिअ पौडेलको भनाइ छ। "किसानको उखुको बाँकी बक्यौता भुक्तानीका लागि मैले सकेसम्म प्रयास गरिरहेको छु", उहाँले भन्नुभयो, "किसानको बाँकी बक्यौता भुक्तानी गर्ने प्रतिबद्धता जनाएका उद्योगपति नै सम्पर्कबिहीन भएपछि निकै समस्यामा परेको छु।"

अन्नपूर्णसहित मुलुकभरका चिनी उद्योगले किसानको बक्यौता भुक्तानी नगरेपछि सरकारले उद्योगपतिको बैंक खाता रोक्का गर्ने, चिनी बिक्रीमा नियन्त्रण गर्नेलगायत उपाय अपनाएको थियो। उद्योगपतिहरुले भने किसानको भुक्तानी दिन आलटाल गर्दै आएका छन्। जिल्लाकै गोडैता नगरपालिका अन्तर्गत बगदहमा रहेको महालक्ष्मी सुगर मिलले भने किसानको गत वर्षको सम्पूर्ण बक्यौता रकम भुक्तानी गरिसकेको जनाएको छ। प्रजिअ पौडेलले महालक्ष्मी सुगर मिलले किसानको गत विगत वर्षको सम्पूर्ण बक्यौता रकम भुक्तानी गरिसकेको जानकारी दिनुभयो। भने यता उद्योगीलाई उखु पाउन मुस्किल भएपछि सर्लाहीको हरिवन ११ मा रहेको ईन्दुशङ्कर चिनी मिलले यसवर्षको उखुको सम्पूर्ण रकम भुक्तानी गरिसकेको जनाएको छ।

गत वर्षमा जिल्लाको अन्नपूर्णलगायत मिलमा उखु बिक्री गरेकै भुक्तानी नपाएको जनाउँदै आन्दोलन चलिरहेको भए पनि ईन्दुशङ्कर चिनी मिलले भने चालू सिजनकै भुक्तानी दिएपछि उखु उत्पादक किसान दङ्ग भएका छन्। किसानलाई भुक्तानीमा खासै झन्झट नदिएको ईन्दुशङ्करले गत वर्षको मूल्यलाई नै आधार मानेर यस वर्ष उखु खरीद गरेको थियो। गत पुस ६ गतेबाट सञ्चालनमा आएको मिलले यही माघ २ गतेसम्म आउदा करीब सात लाख २६ हजार २०० क्विन्टल उखु क्रसिङ गरिसकेको उद्योगका उखु प्रबन्धक योग नारायण रजकले जानकारी दिनुभयो। पुस २९ गतेसम्मको उखु खरीदबापतको रकम करीब रु ३२ करोड भुक्तानी गरिसकेको उहाँले जानकारी दिनुभयो।

उद्योगले किसानलाई तीन पटकमा गरी रु ३२ करोड भुत्तानी दिएको हो। दुई पटक १२/१२ करोड र एक पटक रु ८ करोड गरी तीन पटकमा जम्मा रु ३२ करोड भुक्तानी गरिसकेको प्रबन्धक रजकले बताउनुभयो। यस वर्ष सरकारले उखुको मूल्य कायम नगरे पनि गत सालको मूल्यलाई आधार मानेर भुक्तानी दिएको उद्योगले जनाएको छ।

*माघ १३ गते ...*

मन्त्री प्रभु साह, कानुन मन्त्री लिलानाथ श्रेष्ठ, महिला बालबालिका मन्त्री जुली महतो, प्रदेश सचिव सुमन प्याकुरेल र रघुबिर महासेठ समेत सहभागि हुने उनले जानकारी दिए। पत्रकार सम्मेलनमा पूर्वउपसभामुख एवं केन्द्रिय सदस्य गंगाप्रसाद यादवसमेत सहभागि थिए।

उक्त जनसभालाई भव्यरुपमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी पुरा भएको पार्टीका जिल्ला प्रवक्ता समेत रहेका केन्द्रिय सदस्य सुखराम यादवले जानकारी दिए।

यसअघि राजविराजमा माघ ८ गते यूवा संघ नेपालका केन्द्रिय इन्चार्ज महेश बस्नेतको प्रमुख आतिथ्यमा यूवाहरुको ऱ्याली तथा प्रदर्शन र प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### चीनमा कोरोनाका नयाँ सङ्क्रमितहरु भेटिने क्रम जारी

बेइजिङ, ११ मााघ (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसका नयाँ संक्रमति भेटिएको यहाँका स्वास्थ्य अधिकारीले जानकारी गराएका छन्। चीनभित्रै पनि सङ्क्रमणका नयाँ घटना भएका ती अधिकारीले जनाएका छन्। उनीहरुकाअनुसार शनिबार मात्र चीनमा कोरोना भाइरसका ८० जना नयाँ सङ्क्रमित देखिएका हुन्।

तीमध्ये थप ६५ जना स्वदेशमा नै पाइएको ती अधिकारीले जानकारी दिए। त्यस्तै अरु १५ वटा नयाँ घटना बाहिरबाट आएका पनि शनिबार जानकारी दिइएको हो।

चीनको नेशनल हेल्थ कमिसनले शनिबार दिएको जानकारीअनुसार चीनमा शनिबार मात्र ८० जना नयाँ सङ्क्रमित भेटिएका र तीमध्ये ६५ जना चीन भित्रैका नागरिकमा पाइएको हो।

यहाँका स्थानीय नागरिकबाटै ती जना व्यक्ति सङक्रमित भएका पाइएको समाचारमा जनाइएको छ। सोही कारणले चीनले पछिल्लो समयमा कोरोनाको परीक्षणलाई तिब्रता दिएको जनाएको छ।

चीनले कोरोनाबाट निको भएका नागरिकको पुन:स्वास्थ्य जाँच सुरु गरेको छ। कोरोना पुन:हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले यस्तो कदम सुरु गरेको जनाएको छ।

शनिबार भेटिएका स्वदेशी सङ्क्रमितमध्ये उत्तरी चीनको हुबे प्रान्तका धेरै नागरिक रहेका पाइएका हुन्। यसबाट सो क्षेत्रमा पछिल्लो समयमा स्थानीयस्तरमा कोरोना सङ्क्रमण बढेको पाइएको बताइएको छ।

चीनका हेलिङजाङ, हेइबेइलगायतका स्थानमा पनि नयाँ सङ्क्रमित भेटिन थालेका बताइएको छ। सोही कारण चीनले विशेषगरी ती क्षेत्रमा निको भएका बिरामीमाथि पनि नजर राख्न र पुन:स्वास्थ्य परीक्षण गर्ने काम केही महिना यतादेखि नै थालेको हो।

उता बेलायतका स्वास्थ्यसम्बन्धी अधिकारीले बेलायतमा कोरोना भाइरसको सङ्क्रमण शुरु भएदेखि केही हप्तायता धेरै जनाको ज्यान जान थालेको बताएका छन्। उनीहरुले त्यहाँ नयाँ प्रजातिका सङ्क्रमित पनि झन् बढ्न थालेको र यसबाट यहाँका धेरै नागरिकको ज्यान जाने गरेको बताउने गरेका छन्।

बेलायतबाटै शुरु भएको भनिएको कोरोनाको नयाँ स्वरुपको भाइरस विश्वका कम्तीमा पनि ६० देशमा पुगेको समाचारमा जनाइएको छ।

विश्व स्वास्थ्य संगठनले बुधबार दिएको जानकारीअनुसार सो भाइरस गत विश्वका धेरै देशमा पुगेको र पहिलेको भन्दा बढी घातक रहेको बताएको छ। उक्त संगठनले महामारीको यो स्वरुप दिन प्रतिदिन नयाँ नयाँ देशमा पुगिरहेको बताएको छ।

### भारतमा कोभिड-१९ सङ्क्रमितको संख्या एक करोड छ लाख ५४ हजारभन्दा बढी

नयाँदिल्ली, ११ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या शनिबारसम्म एक करोड छ लाख ५४ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १४ हजार ८४९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड छ लाख ५४ हजार ५३३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १५५ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५३ हजार ३३९ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड तीन लाख १६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ८४ हजार ४०८ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा एक साता अघिदेखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भइसकेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा शनिबार १९७ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १० जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ७९९ को मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बिहीबारसम्म देशभर १९ करोड १७ लाख छ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। शनिबार एकै दिनमा मात्र सात लाख ८१ हजार ७५२ जनाको कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

### खानीभित्र फसेका ११ जनाको सकुशल उद्धार

बेइजिङ, ११ माघ (रासस/एएफपी/सिन्ह्वा)।

चीनको पूर्वीप्रान्तको एक सुनखानीमा सयौं मिटरभित्र फसेका ११ जना मजदूरलाई उद्धारकर्ताले आइतबार सकुशल बाहिर निकालेका छन्। यस खानीमा अझै ११ भित्रै फसेको अधिकारीले बताएका छन्।

खानीभित्र विस्फोट भएपछि विगत दुई सातादेखि मजदूर खानीको सुरुङमा फसेका र उद्धारका लागि व्यापक प्रयास भइरहेको चिनियाँ केन्द्रीय प्रशारण संस्था सिसिटिभीले जनाएको छ।

स्थानीय समयअनुसार आइतबार अपराह्न ३ बजेर १८ मिनेटमा अन्तिम पटक दुई जना मजदूरलाई बाहिर निकालिएको थियो। योसहित उद्धार गरिएकाको संख्या ११ पुगेको छ।

हाल उद्धार अभियान सञ्चालनका लागि ६३३ जना उद्धारकर्मी र ४०७ वटा उपकरण फिल्डमा परिचालन गरिएको छ। खानीभित्र करिब ६०० मिटरको गहिराईमा ती मजदूर गत जनवरी १० मा फसेका थिए। यो खानीस्थल पूर्वीशाङदोङ प्रान्तको यान्ताईस्थित किझियामा रहेको छ।

आइतबार अघिसम्म उद्धारकर्ताले खानीभित्र फसेका १० जना मजदूरसँग मात्र सम्पर्क स्थापना गर्न सफल भएका थिए।

उद्धारकर्ताले खानीभित्र फसेका व्यक्तिका लागि ढुङ्गामा ड्रिल गरेर खाना, औषधि र अन्य सरसामानभित्र पठाएका थिए। खानीभित्र हराइरहेका अरु व्यक्तिको खोजी एवं पहिचान गर्नका लागि डिटेक्टर र पोषक तत्वहरु पनि पठाइएको छ।

# स्व. देवसुन्दर स्मृती राष्ट्रिय भारत्तोलन प्रतियोगिता हुने



**दैनिक समाचारदाता राजविराज, ११ माघ ।**

आगामी फागुनको अन्तिम साता स्व. देवसुन्दर स्मृती प्रथम राष्ट्रिय भारत्तोलन प्रतियोगिताको राजविराजमा आयोजना हुने भएको छ ।

भारत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवको अध्यक्षतामा आइतबार बसेको बैठकले सो निर्णय गरेको हो ।

संघका केन्द्रिय सदस्य समेत रहेका यादवले प्रतियोगितामा सात वटै प्रदेश तथा सेना, सशस्त्र र नेपाल प्रहरीका तीनवटै विभागिय टिमका झण्डै १ सय ५० महिला तथा पुरुष खेलाडीको सहभागिता रहने बताए ।

प्रतियोगिता भव्यरुपमा सम्पन्न गर्न प्रचारप्रसार, आर्थिक संकलन, फिल्ड व्यवस्थापन, स्वागत लगायत विभिन्न उपसमितिहरु समेत गठन गरिएको संघका सचिव गोपाल गुप्ताले जानकारी दिए ।

सप्तरीका पुराना भारत्तोलन खेलाडी एवं रेफ्रि राजविराज ९ निवासी स्व. देवसुन्दर यादवको स्मृती एवं सम्मानमा नेपाल भारत्तोलन संघ सप्तरीले सो प्रतियोगिताको आयोजना गर्न लागेको हो ।

सप्तरीका चर्चित भारत्तोलन खेलाडी यादवको २०७६ कात्तिक १४ गते निधन भएको थियो ।

# लुटपाट तथा चोरी घटनामा संलग्न दुई पक्राउ

**दैनिक समाचारदाता राजविराज, ११ माघ ।**

मोटरसाइकल लुटपाट तथा चोरी घटनामा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सुरुङ्गा नगरपालिका ७ बस्ने २४ वर्षिय नन्दी पासवान र २१ वर्षिय राजकुमार साह छन् ।

कुशहा-बेल्ही सडकखण्डमा शुक्रबार शम्भुनाथ नगरपालिका ६ बस्ने अनिशकुमार चौधरीलाई कुटपिट गरि लुटिएका स.३प. ९१६९ नम्बरको मोटरसाइकल र केही नगद रुँपैयासमेत बरामद गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबैलाई अहिले सप्तरी जिल्ला अदालतबाट १० दिन म्याद थप गरि डाका मुद्दामा आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कोरोना भाइरसका कारण विदेशमा थप नौ जनाको निधन

काठमाडौं, ११ माघ (रासस) ।

कोभिड- १९ को सङ्क्रमणबाट विदेशमा थप नौ जना नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली सङ्घका अनुसार यो साता युकेमा चार, कुवेतमा तीन, पोर्चुगलमा एक र मलेसियामा एक जनाको निधन भएको हो ।

गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिका अनुसार योसँगै कोरोना भाइरसबाट २० देशमा मृत्यु हुनेको सङ्ख्या ३२७ पुगेको प्रेस संयोजक, कोभिड- १९ उच्चस्तरीय समिति गैरआवासीय नेपाली सङ्घका संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।

सङ्घको स्वास्थ्य समितिका संयोजक सञ्जिव सापकोटाका अनुसार शनिबार साँझसम्म विभिन्न ५० देशमा रहेका ५६ हजार २६ जना नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ तीमध्ये ५३ हजार ४३२ जना कोरोनामुक्त भएका छन् । यो कूल सङ्क्रमितको ९५ प्रतिशत हो । गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका अनुसार यस साता बेलायत, पोर्चुगल, स्पेन, पोल्याण्ड, मलेसिया, जापानलगायत मध्यपूर्वमा रहेका थप नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ ।

यस्तै कोरोना भाइरसका कारण नेपालमा एक हजार ९९४ जनाको निधन भएको छ । नेपालमा कोरोना भाइरसबाट सङ्क्रमण हुनेको सङ्ख्या दुई लाख ६९ हजार १८० जना छन् भने दुई लाख ६३ हजार ७३४ जना अर्थात् ९७.५ प्रतिशत कोरोनाबाट मुक्त भएका छन् ।

# सर्लाहीबाट पेस्तोलसहित एक पक्राउ

सर्लाही, ११ माघ (रासस) ।

सर्लाहीको कविलासीबाट प्रहरीले हतियारसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सर्लाहीको गोडैता नगरपालिका-८ का ५० वर्षीय अरुण मिश्र रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिनुभयो ।

मिश्रलाई कविलासी नगरपालिका-१० चमेलीमाईबाट हतियारसहित पक्राउ गरिएको प्रहरी उपरीक्षक राठौरले जानकारी दिनुभयो । "उनको साथबाट ७.६५ एमएम लेखिएको एक थान पेस्तोल बरामद भएको छ । आवश्यक अनुसन्धान जारी छ", प्रहरी उपरीक्षक राठौरले भन्नुभयो ।

छिमेकी देश भारतसँग खुला सिमाना रहेको प्रदेश नं २ का जिल्लामा आपराधिक गतिविधि गर्न पछिल्लो समय साना हतियार भित्रिने क्रम जारी रहेपछि प्रहरीले जिल्लाको सुरक्षा संयन्त्रलाई थप कडाइ गरेको छ ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*